जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २६३ २०७९ साल जेठ १२ गते बिहीबार (26 May 2022 Thursday) मूल्य रु. ५/-

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं!

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : परिवारवादका कारण मधेसी... ३ पृष्ठमा : मधेस केन्द्रित दल आफ्नै... ३ पृष्ठमा : 'मानवअधिकार संरक्षण गर्न ...

## सप्तरीमा सामुदायिक विद्यालयका पाठ्यपुस्तक अभाव



**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ ।**

सप्तरीमा सामुदायिक विद्यालयका पाठ्यपुस्तकको अभाव भएको छ। नयाँ शैक्षिकसत्र शूरु भएको ११ दिन भन्दा बढी भईसक्दा पनि जिल्लामा पाठ्यपुस्तक पाइरहेको अवस्था छैन् ।

समयमै पाठ्यपुस्तक नपाउँदा जिल्लाका १ लाख भन्दा बढी विद्यार्थीको पढाई प्रभावित बनेको छ ।

जिल्लामा ५ सय १३ सामुदायिक तथा १ सय ७७ निजी विद्यालय छन् । सामुदायिक तर्फ १ देखि १० कक्षासम्म १ लाख ७ सय ६ तथा निजी विद्यालय तर्फ ३४ हजार ६ सय २९ विद्यार्थी छन् ।

त्यस मध्ये बुधवार सम्ममा १५ प्रतिशत सम्म पनि विद्यार्थीले पाठ्यपुस्तक पाउन सकेका छैनन। यता शिक्षा मन्त्रालयले जेठ पहिलो सातादेखि नयाँ शैक्षिक सत्रको पठनपाठन तिब्र गतिमा थाल्न निर्देशन दिएको छ। तर, किताब नपाउदा पढाईमा अवरोध भएको राजविराज ४ स्थित केन्द्र नम्बर ६ आधारभुत विद्यालयका शिक्षक बताउँछन् ।

किताब खोज्दै पसलमा दैनिक सयौंको.संख्यामा शिक्षक, विद्यार्थी र अभिभावक आउँछन तर, रित्तै फर्किन्छन् । राजविराजमा जनक शिक्षा समाग्री केन्द्रको शाखा नरहेकोले कक्षा १ देखि १० सम्मको पाठ्यापुस्तक ल्याउन उक्त केन्द्रको शाखा रहेको विराटनगर र जनकपुर पुग्नु पर्ने बाध्यता रहेको छ।

विद्यालयस्तरका पुस्तक विक्री गर्ने जिल्लामा करिब १ सय २० पुस्तक पसल छन् । सबैले जनक शिक्षा समाग्री केन्द्रबाट आवश्यक्तता अनुसारको पुस्तक उपलब्ध हुन नसकेको लाचारी ब्यक्त गर्ने गरेका छन् ।

सरकारले कक्षा १० सम्म सामुदायिक विद्यालयको विद्यार्थीलाई निःशुःल्क पाठ्यपुस्तक उपलब्ध गराउने भनिएको छ। स्थानीय अभिभावक चन्दन यादवले भने "तर यहाँ त शुल्क तिरेर पनि पाईदैन।" पाठ्यक्रम र पाठ्यपुस्तक छपाई र आपुर्ती गर्ने उद्देश्यले स्थापित जनक शिक्षा समाग्री केन्द्रको लापरवाहीका कारण प्रत्येक वर्ष विद्यार्थीले यस्तो समस्या भोग्नु परिरहेको छ।

जिल्ला शिक्षा तथा समन्वय इकाई शाखा सप्तरीका प्रमुख विजय मण्डलले जिल्लामा पाठ्यपुस्तक अभाव बारे आफु कहाँ पनि गुनासो आएको भन्दै यस बारे आफुले सम्बन्धित निकायमा पहल थालिसकेको बताए।

## राजविराज दैनिक लगातार पाँच वर्ष "क" वर्गमा पर्न सफल

**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ ।**

प्रेस काउन्सील नेपालले २०७६/७७ को पत्रपत्रिकाको पुनरावलोकनसहितको नतिजा बुधबार सार्वजनिक गरेको छ।

सो नतिजामा यस राजविराज दैनिक पत्रिका पुनः "क" वर्गमा पर्न सफल भएको छ। यो सँगै राजविराज दैनिक पत्रिका लगातार पाँच वर्ष "क" वर्गमा पर्न सफल भएको हो।

यस्तै प्रेस काउन्सिल नेपालले आ.व. २०७५/०७६ र २०७६/०७७ को पत्रपत्रिका वर्गीकरणको नतिजा सार्वजनिक गरी प्रकाशित नतिजामा चित्त नबुझ्नेहरुको लागि पुनरावलोकन दिन सक्ने व्यवस्था गरिएको थियो।

सो नतिजा उपर पुनरावलोकनको लागि आ.व. २०७५/०७६ को लागि ६५ वटा र २०७६/०७७ को लागि २२५ वटा निवेदन प्राप्त भएको थियो।

## मोटरसाइकल चोरीका फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ ।**

प्रहरीले चोरी मुद्दामा अदालतबाट कैद सजाय तोकिएर फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको हुनमाननगर कंकालिनी नगरपालिका ६ का २८ वर्षिय मोहन कुमार राउत छन् ।

मोटरसाइकल चोरी मुद्दामा सप्तरी जिल्ला अदालतले २०७७ चैत ५ गते राउतलाई तीन महिना कैद र ५ हजार जरिवानाको फैसला गरेको थियो। फैसला लगत्तै फरार रहेका उनलाई घरमै लुकिछिपी बसेको अवस्थामा पुगेको प्रहरी टोलीले बुधबार पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी



माधवप्रसाद काफ्लेले जानकारी दिए।

बुधबार नै अदालतमा उपस्थित गराइएका राउतलाई आदेशानुसार कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## काँग्रेसले सशक्त प्रतिपक्षको भुमिका निर्वाह गर्छ : मेयर प्रत्यासी अन्सारी



**दैनिक समाचारदाता**
**राजविराज, ११ जेठ ।**

स्थानिय तहको निर्वाचनमा राजविराज नगरपालिकामा काँग्रेसको तर्फबाट नगर प्रमुख पदका उम्मेदवार रहेका इर्साद अन्सारीले आफूहरु नगर विकासका लागि सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताएका छन् ।

"सकारात्मक काममा सहयोग तथा नकारात्मक काममा सशक्त प्रतिपक्षको रुपमा प्रस्तुत हुने छौं, राजविराजमा बुधबार काँग्रेसबाट नवनिर्वाचितहरुको सम्मान तथा मतदातालाई धन्यवाद दिन आयोजित कार्यक्रममा उनले भने, "हामीले पराजयको सामना गर्नु परे पनि अघिल्लो निर्वाचनको तुलनामा दोब्बर मत ल्याई शक्ति संचयन गर्न सफल भएका छौं ।

उनले निर्वाचनमा पराजित भए पनि राजनीति र विचार कहिले पनि पराजित नहुने तर्क प्रस्तुत गर्दै आगामी निर्वाचनको तयारी अहिले देखी नै सुरु गर्न सहयोगी तथा कार्यकर्ताहरुलाई आग्रह गरे ।

कार्यक्रममा काँग्रेसको तर्फबाट नगर उपप्रमुखको उम्मेदवार रहेकी शुसिला यादवले पनि मतदातालाई धनयवाद तथा काँग्रेसको तर्फबाट विभिन्न वडामा निर्वाचित भएकाहरुलाई बधाई दिँदै उच्च मनोवलका साथ जनहितका कार्य गर्न सुझाव दिए ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# परिवारवादका कारण मधेसी दलको घट्दो लोकप्रियता

*- श्रीमननारायण*

हालै सम्पन्न स्थानीय तहको निर्वाचन परिणामले नेपाली काँग्रेसलाई देशको सवैभन्दा ठूलो राजनीतिक दलको रूपमा स्थापित गरेको छ । यसको संभावना पनि थियो । नेकपा एमाले दोस्रो स्थानमा रहने अनुमान त थियो तर नेपाली काँग्रेस एवं नेकपा एमालेबीच सिटको अन्तर यति बढी होला भन्ने अनुमान कसैको पनि थिएन । नेकपा माओवादी केन्द्रले सन्तोषजनक प्रदर्शन नै गरेको छ । तर मधेस प्रदेशमा उसको प्रदर्शन साह्रै निराशाजनक देखिएको छ ।

मधेस प्रदेशलाई र तराई मधेसलाई आफनो राजनीतिक 'बिर्ता' ठान्दै आएका जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलाई अप्रत्याशित असफलता हात लागेको छ । मधेसी जनताका समस्यालाई समाधान गर्न कुनै ठोस पहल नगर्ने तर यसलाई सधैंको निम्ति कमाइ खाने भाँडो ठान्दै आएका कथित मधेसी दलहरूलाई यसपाली त्यहाँका जनताले ठूलो पाठ पढाएका छन् । ४ वर्षसम्म मधेस प्रदेश सरकारको नेतृत्व गरेका र अहिले पनि नेतृत्व गर्दै आएका मधेसी दलहरुले स्थानीय चुनावमा प्राप्त गरेको मतलाई सन्तोषजनक मान्न सकिदैन ।

हालको स्थानीय चुनावमा मधेसी दलले किन यति ठूलो असफलता भोग्नु पर्यो, यसको कारण खोतल्नै पर्दछ । जसपा र लोसपाका नेताहरुले विगतका दिनमा समानुपातिक कोटामा आफ्ना श्रीमती, नातेदार र व्यापारिक मित्रहरुलाई संविधानसभा, संसद र प्रदेशसभामा पुर्याउने काम गर्दै आएका थिए । यही क्रममा स्थानीय तहको निर्वाचनमा पनि आफ्ना परिवारिक सदस्यलाई उम्मेदवार बनाई आफनो निहित स्वार्थ पूर्ति गर्ने प्रयास गरेका थिए तर जनताले तिनको महत्वकाँक्षा माथि बज्रपात गरिदिए ।

सडक आन्दोलन गर्ने, धर्ना एवं अनशनमा बस्ने, गोली खाने, शहादत हुने, पार्टी संगठनको निम्ति जीवनभर धनसम्पत्ति गुमाउने सामान्य एवं मध्यमवर्गीय परिवारका जनता तर सत्तासुख एवं अवसर आएको बेलामा प्यारासुटबाट आफ्ना नातेदार, पारिवारिक सदस्य एवं व्यापारिक मित्रलाई लाभ पुर्याउने कुरा जनतालाई पनि यसपाली सहन भएन ।

जसपाका अध्यक्ष उपेन्द्र यादव केही वर्ष अघिसम्म मधेसी मसिहाका रुपमा चिनिएका थिए । २०६३/२०६४ को मधेस आन्दोलनले उनलाई मधेसमा सर्वाधिक लोकप्रिय नेता बनायो । पहिलो संविधानसभा निर्वाचनमा जनताले उनको पार्टीलाई राष्ट्रिय राजनीतिको अग्रणी पंक्तिमा स्थापित गर्यो तर उनले जातिवादलाई बढी महत्व दिए । हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा उनले आफनो छोरालाई राजनीतिमा स्थापित गर्न खोजेका थिए तर जनताले पत्याएनन् ।

विराटनगर महानगरपालिकाको उपमेयरमा उपेन्द्र यादवले आफ्नो छोरा अमरेन्द्र यादवलाई उठाएका थिए । नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनमोर्चाको गठबन्धनका बावजुद उनले आफ्नो गृहनगरमा छोरालाई चुनावमा विजयी गराउन सकेनन् । जबकि गठबन्धनका तर्फबाट काँग्रेसका नागेश कोइराला विराटनगरको मेयरमा विजयी भए ।

२०६४ र २०७० को संविधानसभा निर्वाचनमा विराटनगरका जनताले उपेन्द्रलाई चुनाव जिताए । तर २०७४ मा विराटनगरको सट्टा उनले राजविराजबाट चुनाव लडे । विराटनगरका जनताले उनको विगत १५ वर्षको राजनीतिक गतिविधिको सुक्ष्म रुपमा विश्लेषण गर्दै आएका थिए । उनको सुपुत्रको पराजय नैतिक रुपमा स्वयम् उनको नै पराजय हो ।

मधेसवादको नारा दिएका उपेन्द्र यादवको आह्वानमा जनताले ज्यानको आहुति दिएका थिए । सयकडौं घाइते भएका थिए । कतिपयको घाउ अहिलेसम्म निको भएको छैन । मधेसका जनताले उनलाई आफनो अभिभावक ठानेका थिए तर उनी त आफ्नो छोरा अमरेन्द्र यादवका बुवा मात्रै सावित भए । आफ्नो छोराको ठाउँमा अन्यलाई उम्मेदवार बनाएको भए सो सिट पार्टीले अवश्य पनि जित्ने थियो । जतिवेला उनले आफनो छोरालाई पार्टीको विराटनगर नगर समितिको अध्यक्ष बनाएका थिए, त्यतिबेला पनि विरोध भएको थियो ।

सम्भवतः ५ वर्षको कार्यकाल पूरा गर्ने नेपालका एकमात्र मुख्यमन्त्री हुन् लालबाबु राउत । उनले आफ्नी श्रीमतीलाई गाउँपालिकाको उपाध्यक्षमा उम्मेदवार बनाउनुको औचित्य नै के थियो ? भन्ने प्रश्न पनि उठिरहेको छ । आखिर उनकी श्रीमतीले पनि पराजय भोगिन् ।

उता विगतमा राजेन्द्र महतोको दाहिने हात मानिएका मधेस प्रदेशका सामाजिक विकास मन्त्री नवल किशोर साह पार्टी विभाजन हुँदा राजेन्द्र महतोभन्दा आफ्नो मन्त्री पदलाई प्यारो ठाने । साहका छोराले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा टिकट त पाए । तर जनमत पार्टीको प्रत्यासीबाट पराजित हुनु पर्यो । जसपाबाट समानुपातिकमा मधेस प्रदेशको सभासद बनेका र चार वर्षसम्म मन्त्री रहेका रामनरेश राय यादव लोसपाबाट जसपामा प्रवेश गरे पनि आफ्नो छोरालाई पालिका प्रमुखको पदमा पराजित हुनबाट रोक्न सकेनन् ।

राजेन्द्र महतो पनि आफूलाई मधेसी मसिहा भन्न रुचाउँछन् । तर, यसपालि आफ्नो दाई महेन्द्र महतोलाई सर्लाहीको चन्द्रनगर नगरपालिकाको प्रमुख पदमा पराजित हुनबाट रोक्न सकेनन् । विगतमा आफ्नी श्रीमतीलाई समानुपातिक कोटाबाट सांसद बनाएका महतोका भतिजा अहिले पनि निर्वाचित प्रादेशिक सांसद हुन् । आफ्नी सम्धीनीलाई समानुपातिक कोटामा संविधानसभाको सदस्य र सम्धीलाई प्रदेश प्रमुख बनाएका महन्त ठाकुरले पनि महोत्तरीको गृह नगरपालिका पिपरामा आफनो पार्टीको उम्मेदवारलाई पराजित हुनबाट रोक्न सकेनन् । लोसपाका प्रदेश अध्यक्ष जितेन्द्र सोनलले आफ्नो निर्वाचन क्षेत्र तथा जिल्लामा अत्याधिक विकास गरेको दावी गरे पनि आफ्नो गृह गाउँपालिका परवानीपुर र परसौनी नेकपा एमालेलाई सुम्पिन बाध्य भए । जसपा र लोसपाका कतिपय सांसद र मन्त्री त आफ्नो गाउँमा २ दर्जन मत पनि पाउन सकेनन् ।

लोसपाले विगतमा जितेका राजविराज, जनकपुर, जलेश्वर र गौर जस्ता महत्वपूर्ण नगर पालिकाहरु गुमाउनु पर्यो । यति मात्रै होइन, यसले महोत्तरी सर्लाही, सप्तरी र बारामा पनि आफना कतिपय पालिकाहरु गुमाउनु पर्यो । धनुषा र सिरहामा त खाता पनि खोल्न सकेनन् । जसपाले वीरगंज तथा राजविराजलाई जोगाई राख्न सफल भएको छ, महोत्तरीमा राम्रो प्रदर्शन गरेको छ तर समग्र मधेस प्रदेशमा अन्य जिल्लाहरुमा खासै उत्साहजनक नतिजा ल्याउन सकेन ।

प्रादेशिक राजधानी जनकपुरधाममा नगर प्रमुख उम्मेदवारले लज्जास्पद पराजय भोग्नु जसपाको निम्ति राम्रो संकेत होइन । पार्टीले ५ दलको समर्थनका बावजुद जनकपुर र कलैया जोगाउन नसक्नु दुर्भाग्यपूर्ण छ ।

मधेस प्रदेशमा नेपाली काँग्रेसले पुनः आफ्नो आधार जोगाएको छ । त्यहाँ एमालेले जसपा भन्दा पनि बढी सिट हासिल गर्नु मधेस प्रदेशका जनताको मधेसी दल प्रतिको वितृष्णाको उपज हो । लोसपा झन खुम्चिएको छ । जसपा र लोसपा मिलन् भन्ने जनताको सन्देश छ । भोलिका दिनमा सीके राउतको जनमत पार्टी र हृदयेश त्रिपाठीको जनता प्रगतिशील पार्टीले यस प्रदेशमा आफ्नो सक्रियता बढाउने संकेत देखिन्छ ।

मधेसमा नेपाली काँग्रेसको बढ्दो प्रभावले जसपालाई, एमालेका कारण माओवादीलाई र जनमत तथा जसपाका कारण लोसपालाई घाटा पुग्ने निश्चित छ । जनतामा राजनीतिक चेतना बढेको छ । राजनीतिक दलहरुले जनचाहनाको मूल्याङ्कन गरेनन्, मतदाताको चाहना र उम्मेदवार चयनमा तारतम्य देखाएनन् भने झन ठूलो पराजय झेल्नुपर्ने छ । समग्रमा भन्दा पारिवारिक राजनीतिलाई जनताले खोरेज गर्ने मानसिकता बनाएका छन् ।

रातोपाटीबाट

# बलात्कारका घटनाको प्रभावकारी अनुसन्धान गर्न आग्रह

काठमाडौं, ११ जेठ (रासस) ।

राष्ट्रिय मानवअधिकार आयोगले बलात्कार तथा यौनजन्य घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी पीडितलाई न्याय तथा दोषीलाई कानुनी कारबाही गर्न आग्रह गरेको छ । आयोगका प्रवक्ता डा टीकाराम भट्टराईले आज जारी गरेको प्रेस विज्ञप्तिमा यौनजन्य हिंसा तथा बलात्कारका घटनाबाट पीडितको न्यायिक हक तथा सुरक्षाको सुनिश्चितता गर्न भनिएको छ ।

'यौनजन्य तथा बलात्कारका घटनाका पीडित र साक्षीको सुरक्षा गर्न, पीडितलाई मनोसामाजिक परामर्श र क्षतिपूर्ति उपलब्ध गराउन तथा घटनाका आरोपितलाई शीघ्र कानुनी दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ", विज्ञप्तिमा भनिएको छ, 'यस प्रकारका घटनामा प्रहरीको अनुसन्धान कार्यमा सघाउन तथा अनुचित प्रभाव पार्ने कुनै पनि क्रियाकलाप नगर्न नगराउन आयोग सम्बद्ध सबै पक्षलाई अनुरोध गर्दछ ।'

पछिल्लो समय काठमाडौंलगायत देशका विभिन्न भागमा यौनजन्य हिंसा तथा बलात्कारका घटना सार्वजनिक भइरहेका छ । आयोगमा परेको उजुरीका आधारमा उक्त घटनाको अनुगमनसमेत गरिरहेको जनाएको छ । सार्वजनिक भएका यौन हिंसा तथा बलात्कारका घटनाको अनुसन्धानमा नेपाल प्रहरीबाट भएका कार्य तथा देखिएका चुनौती सम्बन्धमा नेपाल प्रहरीका अधिकारी तथा अनुसन्धानमा संलग्न प्रहरी अधिकृतसँग आयोगमा आज छलफलसमेत गरेको छ ।

आयोगका सदस्य लिली थापाले यौनजन्य हिंसा तथा बलात्कारका घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत पीडितको समयमै न्याय प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्न नेपाल प्रहरीको भूमिका प्रभावकारी हुनुपर्ने बताउँदै आरोपितलाई शीघ्र कानुनी दायरामा ल्याउन निर्देशन दिनुभयो । प्रहरी नायब महानिरीक्षक उत्तमराज सुवेदीले महिला हिंसासँग जोडिएका घटनालाई प्रहरीले संवेदनशीलरुपमा लिइ अनुसन्धान गरिरहेको जानकारी गराउनुभयो । नेपालको संविधान र कानुनले यौनजन्य हिंसाको कार्यलाई कानुनबमोजिम दण्डनीय रहेको उल्लेख गर्दै यस्ता घटनाबाट पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ ।

# वन पदाधिकारीविरुद्ध भ्रष्टाचारको मुद्दा

काठमाडौं, ११ जेठ (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामुदायिक वनको काठ, दाउराको मूल्याङ्कन आफूखुसी गरी परिमाण घटाएको लगायत आरोपमा मोरङ मिक्लुड सामुदायिक वनका पदाधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष सन्तोषकुमार लावतीविरुद्ध रु नौ लाख ७७ हजार ३४९, तत्कालीन सचिव देवीन्द्र कार्कीविरुद्ध रु आठ लाख १६ हजार ७४९, कोषाध्यक्ष भीमा लम्साल ढकालविरुद्ध रु सात लाख दुई हजार ३४९ बराबरको बिगो दावी गरेको छ ।

आयोगका अनुसार तत्कालीन आपूर्ति संयोजक रामप्रसाद पौडेलविरुद्ध रु तीन लाख ८४ हजार १४९, लेखापरीक्षक चन्द्रबहादुर बस्नेतविरुद्ध पदीय एवम् व्यावसायिक दुरुपयोग गरेको ठहरसहित कैद सजायको माग गरिएको छ । आयोग प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार उनीहरुले संस्थामा आम्दानी नदेखाई रकम हिनामिना गरेको पुष्टि भएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेस केन्द्रित दल आफ्नै ठाउँमा कमजोर

राजु विश्वकर्मा
लहान, ११ जेठ (रासस)।

मधेस प्रदेशको सिरहामा मधेस केन्द्रित दलहरू कमजोर देखिएका छन्। स्थानीय तह निर्वाचनको अन्तिम मत परिणाम सार्वजनिक हुँदा सिरहामा मधेस केन्द्रित जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को अवस्था कमजोर बनेको छ।

सिरहाको १७ स्थानीय तहमध्ये जसपाले चार जित्दा लोपसाले खातासमेत खोल्न सकेन। सिरहामा एमाले पहिलो र जसपा दोस्रो शक्तिका रूपमा उभिएको छ। जसपाले अघिल्लो निर्वाचनमा जितेको जति परिणाम ल्याउन नसके पनि दोस्रो शक्तिका रूपमा कायम भएको छ। विसं २०७४ को स्थानीय तह निर्वाचनमा सिरहाको ६ स्थानीय तह जितेको जसपाले यसपालि चार मात्र जितेको छ। जसपाले पहिला जितेको सिरहा नगरपालिका, भगवानपुर गाउँपालिका, विष्णुपुर गाउँपालिका, नरहा गाउँपालिका, लक्ष्मीपुर पतारी गाउँपालिका र बरियारपट्टी गाउँपालिकामध्ये यसपालि बरियापट्टी गाउँपालिकामा मात्र आफ्नो पुरानो साख कायम राख्न सकेको छ। जसपाले पहिला जितेको पाँचवटै पालिका गुमाउँदा नयाँ तीनवटा पालिका जितेको छ।

औरही गाउँपालिका र अर्नमा गाउँपालिका नेकपा (माओवादी केन्द्र)सँग खोसेको जसपाले कांग्रेसबाट नवराजपुर गाउँपालिका खोसेको छ। कतिपय स्थानीय तहमा जित नजिक पुगे पनि परिणाम आफ्नो उम्मेदवारको पक्षमा नआएको जसपाका नेताहरूले बताएका छन्।

सप्तरीमा तीन स्थानीय तह जितेको लोसपाले सिरहामा भने एउटा पनि पालिका जित्न सकेको छैन। मधेस केन्द्रित दल आपसमा विभाजित हुनु, विस्तारै नेताहरूमा विलासिता बढ्दै जानु र अवसर पाएका बेला जनअपेक्षाअनुसार काम गर्न नसक्नुजस्ता कारणले मधेस केन्द्रित दल कमजोर बनेको विश्लेषकको भनाइ छ।

एमालेले सिरहाको १७ पालिकामध्ये एक्लैले नौ स्थानीय तह जितेको छ।

विसं २०७४ को स्थानीय तह निर्वाचनमा सिरहाको तीन स्थानीय तहमात्र जित्न सकेको एमालेले यसपाली नौ स्थानीय तह जित्न सफल भएको छ। अघिल्लो निर्वाचनमा जितेको लहान नगरपालिका, सुखीपुर नगरपालिका र सखुवानन्कारकट्टी गाउँपालिकामध्ये यसपाली एमालेले सुखीपुर नगरपालिकामात्र दोहोऱ्याएर जित्न सकेको छ।

अघिल्लो निर्वाचनमा माओवादी केन्द्रले जितेको धनगढीमाई नगरपालिका, गोलबजार नगरपालिका र कर्जन्हा नगरपालिका यसपाली एमालेले जित्दा सबैभन्दा बढी वडा भएको लहान नगरपालिका भने एमालेले गुमाएको छ। त्यहाँ कांग्रेसले प्रमुख र जसपाले उपप्रमुख जितेको छ। विसं २०७४ को निर्वाचनमा जसपाले जितेको सिरहा नगरपालिका, भगवानपुर गाउँपालिका, विष्णुपुर गाउँपालिका र नरहा गाउँपालिकामा यसपाली एमालेले जित निकालेको छ। यस्तै अघिल्लो निर्वाचनमा कांग्रेसले जितेको कल्याणपुर नगरपालिकाको प्रमुख र उपप्रमुखमा एमालेले नै जितेको छ।

पार्टीको सही निर्णय, नेता कार्यकर्ताको सक्रियता र मतदाताको विश्वासका कारण जिल्लाको धेरै स्थानीय तहमा आफ्नो पार्टीका उम्मेदवारले जित निकाल्न सफल भएको एमाले नेता एवं पूर्वमन्त्री लीलानाथ श्रेष्ठले बताउनुभयो। "हामीले सही मूल्याङ्कन गरी उपयुक्त व्यक्तिलाई टिकट दियौँ", उहाँले भन्नुभयो, "नेता-कार्यकर्तालाई पनि खटायौँ, उहाँहरू इमान्दारीतापूर्वक खट्नु भयो र मतदाताले हाम्रा उम्मेदवारलाई विश्वास गर्नुभयो, त्यसकै परिणामस्वरुप आज हामी जिल्लामा बलियो पकड बनाउन सफल भयौँ।"

दुई छिमेकी जिल्ला धनुषा र सप्तरीमा बलियो पकड बनाएको कांग्रेस सिरहामा भने तेस्रो शक्तिमा सीमित भएको छ। कांग्रेस सिरहामा पूर्ववत अवस्थामा देखिएको छ। अघिल्लो निर्वाचनमा दुई पालिका जितेको कांग्रेसले यसपालि पनि दुई पालिका जितेको छ। कांग्रेसले पहिला जितेको कल्याणपुर नगरपालिका र नवराजपुर गाउँपालिका गुमाउँदा यसपाली लहान नगरपालिका र लक्ष्मीपुर पतारी गाउँपालिका जितेको छ।

पार्टीभित्रको घात-अन्तर्घात तथा मतदातामा भएको व्यापक रकमी चलखेलका कारण आफूहरूले चाहेजस्तो नतिजा निकाल्न नसकेको कांग्रेस सप्तरीका सभापति रामचन्द्र यादवले बताउनुभयो।

अघिल्लो चुनावमा पूर्वपश्चिम राजमार्गमा पर्ने अधिकांश पालिकासहित सिरहाको ६ पालिका जितेर ठूलो पार्टी बनेको माओवादी केन्द्र यसपालि भने एउटा पालिकामा सीमित भएको छ। अघिल्लो निर्वाचनमा माओवादी केन्द्रले जितेको धनगढीमाई नगरपालिका, गोलबजार नगरपालिका, कर्जन्हा नगरपालिका, मिर्चैया नगरपालिका, औरही गाउँपालिका र अर्नमा गाउँपालिकामध्ये मिर्चैयावाहेक सबै पालिका गुमाएको छ।

जितेका सबै पालिकामा माओवादी केन्द्रले पुरानै उम्मेदवारलाई दोहोऱ्याएको थियो। मिर्चैया नगरपालिकाका प्रमुख र उपप्रमुख मात्र जित्न सकेको छ। बाँकी सबै गुमाएको माओवादी केन्द्रका नेता दिलीप साहले बताउनुभयो।

पार्टीभित्रको गुट-उपगुट, घात-अन्तर्घात र पुरानै उम्मेदवारलाई निरन्तरता दिनेजस्ता कारणले पार्टीले अधिकांश स्थानीय तह गुमाएको उहाँको भनाइ छ। एउटा गाउँपालिकाको अध्यक्ष जितेर नेकपा (एकीकृत समाजवादी)ले सिरहामा आफ्नो उपस्थिति जनाएको छ। एकीकृत समाजवादीले सखुवानन्कारकट्टी गाउँपालिकाको अध्यक्ष जितेको छ। सो गाउँपालिकाको उपाध्यक्षमा भने कांग्रेस विजयी भएको छ।

# पुनः मतगणनाका लागि अन्तरिम आदेश दिन अस्वीकार

सर्लाही, ११ जेठ (रासस)।

सर्लाहीको हरिवन नगरपालिका-७ मा पुनः मतगणना गर्नु नपर्ने भएको छ। उच्च अदालत जनकपुरले निवेदकले माग गरेअनुसार अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेपछि पुनः मतगणना गर्नु नपर्ने भएको हो।

स्थानीय तह निर्वाचन २०७९ वैशाख ३० अन्तर्गत हरिवन नगरपालिका ७, मा नेपाली कांग्रेसको तर्फबाट वडाध्यक्षका उम्मेदवार अशोक थापाको पक्षमा ३७८ र विपक्षी नेकपा (एमाले)का उम्मेदवार निरध्वज कार्कीको पक्षमा ३७९ मत आएको थियो। आफ्ना उम्मेदवारलाई पहिला विजयी भएको घोषणा निर्वाचन अधिकृतको कार्यालयले गरेपछि ऱ्याली लिएर निर्वाचन अधिकृतको कार्यालय पुगेका उनीहरू एमालेका उम्मेदवार विजयी भएको थाहा पाएपछि आक्रोशित भएका थिए।

आक्रोषित भएका कांग्रेसका नेता तथा कार्यकर्ताले केही समय पूर्वपश्चीम लोकमार्गअन्तर्गत हरिवन नगरपालिका ११ स्थित कडरिया चोकमा टायर बालेर विरोधसमेत गरेका थिए। उनीहरूले निर्वाचन आयोगले घोषणा गरेको कार्य त्रुटिपूर्ण रहेको हुँदा एमालेका कार्कीलाई वडाध्यक्षका रुपमा निर्वाचित गर्ने कार्य बदर गरी पुनः मतगणनाको माग गर्दै उच्च अदालत जनकपुरमा निवेदन दिएका थिए।

उच्च अदालत जनकपुरले निर्वाचन आयोगद्वारा एक मतको मतान्तरले कार्की वडाध्यक्षमा निर्वाचित भइसकेको घोषणा भएको र निर्वाचित वडाध्यक्षलाई पदअनुसार काम गर्न रोक्दा त्यसबाट आम नागरिक र सरोकारवालाले वडाध्यक्षबाट लिनुपर्ने सेवाबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन जाने भएकाले अन्तरिम आदेश दिन नमिल्ने उल्लेख गरेको पछि पुनः मतगणना नहुने भएको हो। आफ्ना उम्मेदवार एक मतले मात्रै पराजित भएपछि मतपरिणाम घोषणा हुनासाथ नेपाली कांग्रेसले हरिवनस्थित मतगणनास्थल इलाका प्रशासन कार्यालय अगाडि नाराबाजीसहित पूर्व-पश्चिम लोकमार्गमा टायर बालेर चक्काजामसमेत गरेको थियो। गर्नुका साथै मतगणना कार्यमा केही समय अवरोधसमेत गरेको थियो।

## विश्व समाचार

### 'मानवअधिकार संरक्षण गर्न चीन प्रतिबद्ध छ'

बेइजिङ, ११ जेठ (रासस/सिन्ह्वा)।

चीनका राष्ट्रपति सी चिनफिङले बुधबार संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त मिशेल बाचेलेटसँग भिडियो लिङ्कमार्फत भेटवार्ता गर्नुभएको छ।

ब्याचेलेटलाई चीनमा स्वागत गर्दै राष्ट्रपति सीले चीनको मानवअधिकारको विकाससँग सम्बन्धित प्रमुख मुद्दाको बारेमा विस्तृत रूपमा व्याख्या गर्नुभयो। उहाँले चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी) र चिनियाँ सरकार मानवअधिकार संरक्षण गर्न प्रतिबद्ध रहेको बताउनुभयो।

चिनियाँ कम्युनिष्ट पार्टीतलस्ले आफ्नो स्थापनाकालदेखि नै चिनियाँ जनताको खुशी र चीनको पुनरुत्थानलाई केन्द्रमा राखेको उहाँले बताउनुभयो। चिनियाँ कम्युनिष्ट पार्टीले १०० वर्षभन्दा बढी समयदेखि जनताको हितमा काम गर्ने प्रयास गरेको पनि राष्ट्रपति सीले बताउनुभयो।

### टेक्सास विद्यालय नरसम्हार : १८ बालबालिकासहित २१ को हत्या

टेक्सास (उभाल्डे), ११ जेठ (एपी)।

अमेरिकी इतिहासको अर्को त्रासदीपूर्ण विद्यालय गोलीकाण्ड भएको छ। यहाँको प्राथमिक विद्यालयमा आज बिहान भएको आक्रमणमा १८ बालबालिकासहित २१ जनाको हत्या भएको छ भने कैयौं गम्भीररुपमा घाइते भएका छन्।

टेक्सास राज्यको सान एन्टोनियोबाट १३४ किलोमिटर टाढा रहेको उभाल्डे शहरको रोब प्राथमिक विद्यालयमा स्कूलमा एकजना २१ वर्षीय बन्दुकधारीले कक्षा कोठामा प्रवेश गरी अन्धाधुन्ध गोली चलाउँदा उनीहरूको मृत्यु भएको हो। प्रहरी कारबाहीमा आक्रमणकारी पनि मारिएको जनाइएको छ। टेक्सासका गभर्नर ग्रेग एबोटले हत्यारालाई विद्यालय रहेको इलाकाका बासिन्दा साल्भाडोर रामोसको रूपमा पहिचान गरेका छन्।

यो नरसंहार सन् २०१२ को डिसेम्बरमा कनेक्टिकटको स्यान्डी हुकमा भएको डरलाग्दो हमलापछि अमेरिकी प्राथमिक विद्यालयमा भएको सबैभन्दा घातक हमला हो। स्यान्डी हुक हमलामा २० बालबालिकासहित छ जना वयस्क मारिएका थिए।

### तालिबानले महिला अधिकारमा रोक लगाएकामा र सुरक्षा परिषद्को चासो

संयुक्त राष्ट्रसंघ, ११ जेठ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघले अफगानिस्तानको तालिबान सरकारले महिला र बालिकाको अधिकारमा रोक लगाएका विषयमा चासो व्यक्त गरेको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले यस विषयमा चासो व्यक्त गरेको समाचारमा जनाइएको छ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले महिलाका मौलिक अधिकारका साथै उनीहरुका मानव अधिकारका विषयमा गम्भीर हुन पनि आग्रह गरेको समाचारमा जनाइएको छ।

तालिबान सरकारले लगाएका प्रतिबन्धबाट महिलाको शिक्षा, रोजगारीको अवसरबाट पनि उनीहरु बञ्चित हुन पुगेको भन्दै यस्ता प्रतिबन्ध तत्कालै हटाएर महिलालाई पनि पुरुष सरह शिक्षा तथा अन्य सांस्कृतिक अधिकारमा सहभागी बन्न दिनुपर्ने बताएको छ।

केही समययता तालिबानहरुले अफगानिस्तानका महिलाले विद्यालय जान नपाउने, कहिं घुम्न जाँदा या सार्वजनिक स्थलमा जाँदा उसको पुरुष आफन्त या अभिभावक हुनुपर्ने तथा बुर्का लगाउनुपर्ने जस्ता नीति महिलाका लागि सार्वजनिक गरेको थियो।

### हप्तादेखि बेपत्ता भएका चार खानी कामदार मृत फेला

उगादुगु, ११ जेठ (रासस/एएफपी)।

बुर्किना फासोअवस्थित एक खानीमा बेपत्ता भएका चार जना कामदारको शव फेला परेको उद्धारकर्ताले बुधबार जानकारी दिएका सरकारले पुष्टि गरेको छ।

गत १६ अप्रिलमा आएको बाढीमा परी बेपत्ता भएका आठ कामदारमा चार जनाको शव फेला परेको ती कामदारले बताएका हुन्।

राजधानी शहरबाट करिब १०० किलोमिटर पश्चिममा पर्ने पेर्कोआमा रहेको क्यानडाको ट्रेवाली माइनिङको स्वामित्वमा रहेको जस्ता खानीमा मध्य अप्रिलमा दुर्घटना भएको थियो।

छ बुर्किनाबे, एक जाम्बियन र एक तान्जानियाली नागरिक सात सय मिटरमुनि हराएका थिए। दुर्भाग्यवश, ३९ दिनको गहन खोजीपछि, चार खानी कामदार निर्जीव शव फेला परेका सरकारी प्रवक्ता लियोनेल बिल्गोले एक विज्ञप्तिमार्फत बताउनु भएको छ।

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# मधेस प्रदेश : आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको नाम परिवर्तन

धनुषा, ११ जेठ (रासस)।

मधेस प्रदेश सरकारले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको नाम परिवर्तन गरेको छ। आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले मन्त्रालयको नाम परिवर्तन गरी गृह तथा सञ्चार मन्त्रालय राखिएको जानकारी दिनुभयो। यही जेठ ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले मन्त्रालयको नाम परिवर्तन गरी गृह तथा सञ्चार मन्त्रालय राख्ने निर्णय गरेको मन्त्री साहले जनाउनुभयो।

मन्त्री साहले केन्द्र सरकारसँग लड्दै अब मन्त्रालयको अधिकार लिन नाम परिवर्तनबाट सुरु गरिएको बताउनुभयो। मन्त्रालयको नाम कानूनबमोजिम परिवर्तन गरी राजपत्रमा प्रकाशित गरिएको सचिव रामकुमार महतोले जानकारी दिनुभयो।

प्रदेश सरकार स्थापना हुँदा सो मन्त्रालयको नाम आन्तरिक मामिला तथा कानून मन्त्रालय थियो। तर पछि सो मन्त्रालय विभाजन हुँदा कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय अलग गरिएको थियो। त्यसपछि आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय नाम राखिएको थियो। फेरि अहिले आएर नाम परिवर्तन गरी गृह तथा सञ्चार मन्त्रालय नामकरण गरिएको हो।

नेकपा (माओवादी केन्द्र) प्रदेश सरकारमा सहभागी भएको एघार महिनापश्चात् मन्त्रालयको नाम परिवर्तन गरिएको हो। मधेस प्रदेशका गृह तथा सञ्चारमन्त्री साहले मन्त्रिपरिषद्को निर्णयअनुसार नाम परिवर्तन गरी कामअनुसारकै मन्त्रालयको नाम गृह तथा सञ्चार मन्त्रालय राखिएको बताउनुभयो।

# विराटनगरको कार्यपालिकाको निर्वाचन २१ गते

मोरङ, ११ जेठ (रासस)।

मोरङ जिल्ला मुख्य निर्वाचन अधिकृत कार्यालयले विराटनगर महानगरपालिकाको कार्यपालिका कार्यपालिका सदस्यहरूको निर्वाचन यही जेठ २१ गते बिहान १० देखि २ बजेसम्म हुने जनाएको छ। रेडक्रस भवनमा हुने निर्वाचनबाट महानगरपालिकाका प्रमुख, उपप्रमुख, १९ वडा अध्यक्ष, महिला, दलित र खुल्ला सदस्य गरी ९७ जना मतदाता रहेका छन्।

कार्यपालिकाको पाँचजना महिला सदस्यहरूका लागि निर्वाचित जनप्रतिनिधि हुनुपर्ने छ भने तीनजना दलित तथा अल्पसङ्ख्यक सदस्यका लागि महानगरपालिकाको मतदाता हुनुपर्ने व्यवस्था रहेको छ।

# नेकपा (एकीकृत समाजवादी) द्वारा जनप्रतिनिधिलाई सम्पत्ति विरण सार्वजनिक गर्न निर्देशन

काठमाडौँ, ११ जेठ (रासस)।

नेकपा (एकिकृत समाजवादी) ले स्थानीय तहमा निर्वाचित आफ्ना नेतालाई यही जेठ १७ गतेभित्र सम्पत्ति विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ। पार्टीका महासचिव डा बेदुराम भुसालले आज जारी गर्नुभएको विज्ञप्तिमा जनप्रतिनिधिलाई निर्धारित समयमा आआफ्नो सम्पत्ति विरण सार्वजनिक गर्न निर्देशन दिँदै अनियमितता र भ्रष्टाचारमुक्त भई सरल जीवनशैली र असल आचरण अवलम्बन गर्न भनिएको छ।

पार्टीको निर्णय र निर्देशनको पालना गर्न आग्रह गरिएको विज्ञप्तिमा जनताको हितलाई केन्द्रबिन्दुमा राखेर निर्वाचनमा जनतासँग गरेका प्रतिबद्धता पूरा गर्न सुझाइएको छ। विज्ञप्तिमा ऐन तथा कानुनको परिधिमा रहेर इमान्दारिता र कर्तव्यनिष्ठापूर्वक मुलुक र जनताको हितमा कार्यसम्पादन गर्न र निजी स्वार्थबाट टाढा रहन निर्देशन दिइएको छ।

# हार्दिक समवेदना



जन्म मिति
बि.सं. १९७५

स्व. सुरैत यादव

स्वार्गारोहण
बि.सं. २०७९।०२।०७

यस संस्थाका शेयर सदस्य राजविराज वडा नं. १ बस्ने श्री कपिलेश्वर यादवको बुबा सुरैत यादवको २०७९ जेठ ०७ गते विहान १०४ वर्षको उमेरमा स्वर्गवास भएको हुँदा मृतक आत्माको चिरशान्तिको कामना गर्दै बैकुण्ठमा वास होस् भनी भगवानसँग प्रार्थना तथा परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**जन ज्योति कृषि सहकारी संस्था लि.**

**राजविराज ९, मलेठ परिवार**

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

यसका लक्षणहरु;

- दु:खी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,

- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np